# तेत्तिसौं साधारण सभा

गैंडाकोट, नवलपरासी (सुस्ता पूर्व)
२९-३० मंसिर २०८१ (१४ -१५ डिसेम्बर २०२४)

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

**एम्नेस्टी इन्टरनेसनल नेपालको तेत्तिसौं साधारण सभामा हुने नेसनल बोर्ड, नोमिनेसन कमिटि, प्रेपकम तथा पुनरावेदन समिति निर्वाचन प्रयोजनका लागि निर्वाचन समितिद्वारा जारी गरिएको निर्वाचनसम्बन्धी आचार संहिता**

- यो निर्वाचन आचार संहिता पालना गर्नु एम्नेस्टी नेपालका सबै सदस्य, पदाधिकारी र राष्ट्रिय सचिवालयका कर्मचारीहरूको कर्तव्य हुनेछ।
- निर्वाचनसम्बन्धी कुनै पनि विषयमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ। निर्वाचनसम्बन्धी कुनै पनि विवादलाई एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) तथा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली २०६२ (सन् २००५) को छैठौं संशोधन २०८० (सन् २०२३) अनुरुप समाधान गरिनेछ।
- उम्मेदवार वा तिनका प्रचारकहरूको क्रियाकलाप पूर्णतया मर्यादित तथा अनुशासित हुनुपर्नेछ। कुनै पनि उम्मेदवार यस संस्था वा यस संस्थाका सदस्य र कर्मचारीप्रति कुनै पनि लाञ्छना वा आक्षेप लगाउने, गाली गलोज गर्ने, अपशब्दहरू प्रयोग गर्नेलगायतका अवाञ्छित गतिविधिमा संलग्न हुन पाउने छैनन्।
- कुनै पनि जात, जाति, भाषा, धर्म, लिङ्ग, वर्ण, क्षेत्र आदिका आधारमा अवाञ्छित प्रतिकृया जनाई वा सामाजिक सद्भाव, एकता र सहिष्णुताको भावना र मान्यतालाई खलल पुग्ने वा नकारात्मक रूपमा प्रभावित तुल्याउने प्रयास कसैबाट गर्न मिल्ने छैन।
- निर्वाचन प्रयोजनलाई लिएर कुनै पनि भोजभतेर, पार्टी, फर्माइसी वा रकमको लेनदेन पूर्णतः बन्देज गरिएको छ। त्यस्तो क्रियाकलाप निर्वाचन पछि पनि गर्न मिल्ने छैन। अन्यथा कानुनबमोजिम हुनेछ।
- एम्नेस्टी इन्टरनेसनल नेपालले नेतृत्व चयनसम्बन्धी प्रकृयाहरूलाई आन्तरिक र “लो प्रोफाइल” मा राख्ने भएकोले निर्वाचन अभियानका कुनैपनि गतिविधिहरूलाई सामाजिक सञ्जालहरूमा पोस्ट गर्ने, सेयर गर्ने वा ब्यानर पम्प्लेटिङ्ग गरी सार्वजनिक स्पेसहरूमा राख्ने लगायतका कार्यहरू गर्न मिल्ने छैन।
- निर्वाचनका क्रममा वा निर्वाचन पछि कुनै पनि प्रकारका नारा लगाउने वा उत्सव, उन्माद प्रकट गर्ने व्यवहार कतैबाट गर्न मिल्ने छैन।
- निर्वाचन समितिले तोकेको क्षेत्रभित्र पोष्टर पम्प्लेटीङ्ग गर्न पाइने छैन।
- एम्नेस्टी इन्टरनेसनल नेपाल राष्ट्रिय सचिवालयका कर्मचारीहरू निर्वाचन प्रचारमा संलग्न हुने छैनन्।
- निर्वाचन समितिको अधिकृत निर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम र गतिविधिहरू सम्पादनका क्रममा पूर्णतया निष्पक्ष हुनेछन्।
- निर्वाचनको प्रक्रिया, उम्मेदवारहरूको योग्यता तथा अयोग्यता आदि सम्बन्धमा एम्नेस्टी नेपालको विधान तथा साधारणसभा नियमावलीमा तोकिएबमोजिम हुनेछ।

मिति २०८१ मंसिर १४ गते

शेष कुमार निरौला
निर्वाचन अधिकृत